// भक्तपुर नगरपालिका राजपत्र

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड ७ भक्तपुर, श्रावण १४ गते, २०८० साल संख्या १४

**भाग १**

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको चौधौं नगर सभा २०८० बाट पारित भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**सम्वत् २०८० सालको कार्यविधि**

# भक्तपुर नगरपालिकाको काठ, इँटा र झिंगटी खरिद अनुदानसम्बन्धी (दोश्रो संशोधन) कार्यविधि, २०८०

भक्तपुर नगरपालिकाको काठ, इँटा र झिंगटी खरिद अनुदानसम्बन्धी कार्यविधि २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले भक्तपुर नगरपालिकाको चौधौं नगरसभाले देहाय बमोजिम संशोधन गरिएको छ :

१. संक्षिप्त नाम र परिभाषा : (१) यो ऐनको नाम "भक्तपुर नगरपालिकाको काठ, इँटा र झिंगटी खरिद अनुदानसम्बन्धी (दोश्रो संशोधन) कार्यविधि २०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. भक्तपुर नगरपालिकाको काठ, इँटा र झिंगटी खरिद अनुदानसम्बन्धी कार्यविधि २०७५ (यसपछि मूल ऐन भनिएको छ) को बुंदा नं. १.२.६. मा रहेको ""मोहडा" भन्नाले बाटो वा चोकतर्फ फर्केको झ्याल-ढोकासहितको गारोलाई जनाउने छ ।" भन्ने वाक्यांशको सट्टा ""मोहडा" भन्नाले घरको मूलढोका भए रहेको बाटो वा चोकतर्फ फर्केको झ्याल-ढोकासहितको गारोलाई जनाउने छ ।" भन्ने वाक्यांश राखिएको छ ।

३. मूल कार्यविधिको बुँदा नं. १.३.७. मा रहेको "संस्थागत भवन निर्माणको हकमा नगरपालिकाको बैठकले निर्णय गरेअनुसार अनुदान सहयोग दिइनेछ ।" भन्ने वाक्यांशको सट्टा "संस्थागत भवन निर्माणको हकमा अनुदान दिइने छैन । यस

कार्यविधि अनुसार दिइने अनुदान व्यक्तिगत निजी भवनका लागि मात्र दिइनेछ ।" भन्ने वाक्यांश राखिएको छ ।

४. मूल कार्यविधिको बुँदा नं. १.५.१. मा रहेको "भवन निर्माणको लागि मोहदातर्फ लाग्ने दाचि अप्पा, बुटा अप्पा र झ्याल ढोकाको लागि लाग्ने काठ, बरण्डातर्फ लाग्ने काठ, छाना र पाखाको लागि लाग्ने झिंगटी भक्तपुर नगरपालिकाको न्यूनत्तम दररेट अनुसार कार्य मूल्यांकन गरी सो को ३५ प्रतिशत बराबर अनुदान सहयोग दिइनेछ ।" भन्ने वाक्यांशको सट्टा " भवन निर्माणको लागि मोहदातर्फ लाग्ने दाचि अप्पा, बुटा अप्पा, लोकल अप्पा लगायतका ईटा र झ्याल ढोकाको लागि लाग्ने काठ, बरण्डातर्फ लाग्ने काठ, छाना र पाखाको लागि लाग्ने झिंगटी भक्तपुर नगरपालिकाको न्यूनत्तम दररेट अनुसार कार्य मूल्यांकन गरी सो को ३५ प्रतिशत बराबर वा रु. ३,००,०००।- (तीन लाख रुपैयाँ) मध्ये जुन घटी हुन्छ सो बराबरको रकम अनुदान सहयोग दिइनेछ ।" भन्ने वाक्यांश राखिएको छ ।

**आज्ञाले**
**(विजय कुमार शर्मा)**
**प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणिकरण मिति : २०८०।३।२८ गते**

**मुद्रण : भक्तपुर अफसेट प्रिन्टर्स, फोन नं. ६६१३८८८ । मूल्य रु. ५।-**